म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८


बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २५६ २०८१ साउन २४ गते बिहीबार 8 August 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-




### राजश्व वृद्धिको विषयमा व्यवसायी र उपमहानगरबीच वार्ता

# साविककै अवस्थामा नआए आन्दोलन गर्छौं: व्यवसायी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि करको दरमा उल्लेख्य वृद्धि गरेको भन्दै आन्दोलनको चेतावनी दिएका व्यवसायी र उपमहानगर पालिकाका अधिकारी बीच वार्ता भएको छ। मंगलबार बिहान हेटौंडा उपमहानगर पालिकाले मकवानपुर उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघ मकवानपुरसँग वार्ता गरेको हो । वार्तामा व्यवसायीको मागको विषयमा बिहिबार बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने प्रस्ताव उपमहानगरपालिकाले राखेको छ । उपमहानगरपालिकाको प्रस्तावमा व्यवसायीले कुनै पनि हालतमा राजश्व वृद्धिको निर्णय फिर्ता लिनुपर्ने माग गरेका छन् ।



*हेटौंडा उपमहानगरपालिकामा मंगलबार बिहान भएको वार्तामा सहभागीहरु ।*

सोमबार साँझ टेलिफोन सम्पर्क गरी उद्योग वाणिज्य र निर्माण व्यवसायी संघलाई मंगलबार बिहानका लागि वार्तामा बोलाइएको थियो। मंगलबार बिहान हेटौंडा उपमहानगरपालिकाको सभाकक्षमा भएको वार्तामा व्यवसायीले संकटका बेला राजश्व वृद्धि गर्न उचित नहुने र साविककै अवस्थामा राजश्वको दर कायम गर्न आग्रह गरेका थिए । राजश्वको दर नघटाए व्यवसायीले चरणवद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

व्यवसायीले धर्ना र आम हड्तालसम्मको चेतावनी दिएपछि नगरप्रमुख मीना कुमारी लामाले व्यवसायीहरु विकास विरोधी भएको आरोप लगाउनुभएको बताइएको छ । "व्यवसायीले आफ्ना समस्या प्रस्तुत गरेर राजश्वको दर बढाउन नहुने, दर बढाए चरणवद्ध आन्दोलन गर्ने उल्लेख गरेको छ", वार्तामा सहभागी एक व्यवसायीले भने, "व्यवसायीले आन्दोलन गर्छौं भनेलगत्तै नगरप्रमुखले तपाइँहरु विकास विरोधी हो भन्नुभयो ।" नगरप्रमुख लामाले नगरकै विकासका लागि राजश्वको दर बढाएको जीकिर गर्नुभयो । निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्रप्रसाद चौलागाईले भन्नुभयो, "राजश्व आम्दानीको पैसाले मेयर र उपमेयरको घर बनाउने होइन । जनताकै सेवामा खर्चने हो भन्दै नगरप्रमुख लामाले भन्नुभयो ।"

व्यवसायीसँगको वार्ताको सुरुवातमा लचिलो जस्तो देखिए पनि नगरप्रमुख, उपप्रमुखहरु आन्दोलन गर्ने चेतावनीपछि भने आक्रामक बन्नुभएको थियो । नगरप्रमुख लामाले प्रदेश सरकार र संघीय सरकारसँग बुझेर करको दायरा बढाउने प्रक्रियाका बारेमा बुझ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको बताइएको छ। वार्ताका क्रममा हेटौंडा उपमहानगरपालिकाको राजश्व शाखा प्रमुख मनोज सुवेदीले पछिल्लो ५ वर्षमा राजश्वको दर नबढेको र गत वर्ष थोरै वृद्धि गरेकोले यो वर्ष वृद्धि दर केही बढी देखिएको उल्लेख गर्नुभएको थियो । व्यवसायीले भने २०७२ सालको भूकम्पदेखि नै व्यवसायी, नागरिक समस्यामा रहेको, कोभिड-१९ यता आर्थिक मन्दीले समेत व्यवसायी कमजोर भएको, राज्य आफैँले कामको भुक्तानी दिन नसकेको बेला राजश्वको दरमा उच्च वृद्धि जायज नभएको भनी जीकिर गरेका थिए ।

वार्तामा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, प्रवक्ता सविन न्यौपाने, १० नम्बर वडाअध्यक्ष फूर्वा दोर्जे लामा, कानुनी सल्लाहकार ईश्वरराज ढकाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट र उज्ज्वल चौलागाई, महासचिव दीपक उप्रेती, निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्रप्रसाद चौलागाईको सहभागिता रहेको थियो । यस्तै वार्तामा राजनीतिक दलका जिल्ला अध्यक्ष तथा सभापतिहरुलाई समेत सहभागी गराइएको थियो। वार्तामा नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरका सभापति भरत पराजुलीको पनि सहभागिता रहेको थियो । वार्ताको विषयमा बुझ्न खोज्दा नगरप्रमुख लामाको टेलिफोन उठेन भने नगरउपप्रमुख राजेश बानियाँको फोन स्वीच अफ थियो ।

# हेटौंडा उपमहानगरपालिकाले एमालेलाई वाइपास गऱ्यो



समाज संवाददाता


हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले महत्वपूर्ण विषयमा छलफल गर्ने क्रममा नगरको प्रमुख दल नेकपा एमालेलाई वाइपास गरेको छ। उपमहानगरले व्यवसाय करमा उच्चवृद्धि गरेको भन्दै व्यवसायीले आन्दोलनको चेतावनी दिएपछि व्यवसायीसँग मंगलबार बिहानका लागि तय भएको वार्तामा हेटौंडा उपमहानगरपालिकाले एमालेलाई वाइपास गरेको हो । नगर सभा र नगर कार्यपालिकामा बहुमत रहेको दल नेकपा एमालेलाई वाइपास गर्दै उपमहानगर पालिकाले व्यवसायीसँग वार्ता गरेको हो ।

मंगलबार बिहान भएको वार्तामा नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरका सभापति भरत पराजुली सहभागी हुनुहुन्थ्यो। काँग्रेस सभापति लामा र रास्वपा सभापति पराजुलीलाई नगरप्रमुख मीना कुमारी लामाले नै वार्तामा सहभागी हुनका लागि फोन गरेर बोलाउनुभएको हो । यता नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले भने आफूलाई जानकारी नै नभएको बताउनुभयो।

नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले व्यवसायीले राजश्व वृद्धिको विषयमा विरोध गरिरहेको र त्यही विषयमा छलफल गर्न भनेर नगरप्रमुखले बोलाएपछि गएको बताउनुभयो। व्यवसायीका केही विषय जायज नै भएको र उपमहानगरले पनि राजश्व आम्दानी बढाउने विषयमा स्वभाविक नै भए पनि व्यवसायीको मागलाई सम्बोधन गर्न आफूले सुझाव दिएको बताउनुभयो । यता रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले पनि नगरप्रमुखले नै फोन गरेर बोलाउनुभएपछि गएको जानकारी दिनुभयो। बैठकमा एमाले अध्यक्ष या प्रतिनिधि नहुनुभएको विषयमा छलफल भएको पराजुलीले बताउनुभयो । व्यवसायीको मागलाई सम्बोधन गर्न समिति बनाएर जान सुझाव दिएको उहाँले बताउनुभयो ।

नेकपा एकीकृत समाजवादीकी केन्द्रीय सदस्य रहनुभएकी नगरप्रमुख लामाले काँग्रेस र रास्वपाका जिल्ला अध्यक्षलाई आफैँले फोन गरेर बोलाउनु र एमालेका जिल्ला अध्यक्षलाई नबोलाउनुलाई अर्थपूर्ण मान्न सकिन्छ । राजश्व परामर्श समितिमा प्रतिनिधित्व गर्ने मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि सम्मिलित बैठकमा राजश्वको दर नबढाउने, दायरा बढाउने सहमति भएको र नगर कार्यपालिकाका सदस्य अर्थात् वडा अध्यक्षहरुले समेत राजश्व वृद्धिको विषयमा जानकारी नभएको उल्लेख गरिरहेका बेला मकवानपुर उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघ मकवानपुरले चरणवद्ध आन्दोलनको घोषणा गर्ने चेतावनी समेत दिइरहेको छ । यस्तो बेला नगरप्रमुख लामाले प्रमुख दललाई वाइपास गर्दा समस्या थप जटिल बन्ने सम्भावना रहन्छ । नगरप्रमुख लामासँग एमाले अध्यक्षलाई नबोलाइएको विषयमा बुझ्न खोज्दा उहाँको फोन उठेन ।

**[8/7, 20:36] Suraj Hetauda Wheels: Hyundai Hetauda Welcomes you all for test drive this friday 25 sharawn in you home town.**



# सम्पादकीय

## बाघको बासस्थान जोगाऔं

पछिल्लो साता मानव बस्तीमा आएका बाघलाई चितवन र कञ्चनपुरमा समातियो । गत आइतबार चितवनको मुख्य बजार क्षेत्र नारायणगढ नजिकै नारायणी नदी किनारमा बिहान कसरत गर्ने क्रममा एक जनालाई बाघले आक्रमण गरी घाइते बनायो । बाघले आक्रमण गरेको देखेपछि अन्य मानिसले कराएर बाघलाई भगाएका थिए । उक्त बाघ चितवन राष्ट्रिय निकुञ्जको टोलीले खोजी गरेर सोही दिन बेलुका बेहोस बनाइ नियन्त्रणमा लिएको थियो । यस्तै, कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-२, कमलासा टोलमा गत बिहीबार विहान खेतमा धान गोड्दै गरेकी महिलालाई बाघले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको छ । महिलालाई आक्रमण गर्ने बाघलाई शुक्लाफाँटा र बर्दिया राष्ट्रिय निकुञ्जको प्राविधिक टोली, सेना, प्रहरीसमेतले ड्रोनको सहायताबाट खोजी गरेर उखुबारीमा लुकेको अवस्थामा बेहोस बनाई नियन्त्रणमा लिइएको छ ।

यी बाघको आक्रमणबाट मृत्यु तथा घाइते हुनेको प्रतिनिधिमूलक उदाहरणमात्र हो । नेपालमा बाघ संरक्षणका लागि भएका प्रयास र बाघको बासस्थान साँघुरिँदै जाँदा बाघ बस्ती तथा शहर पस्ने क्रम बढेको छ । बाघको बासस्थानमा घाँस, दाउरा तथा अन्य उद्देश्यले जाने मानिसलाई मात्र होइन, मानवीय बस्तीमै बाघले आक्रमण गर्ने क्रम बढेको हो । नेपालमा बाघको आक्रमणका कारण औसत महिनाको एकजनाको मृत्यु हुने गरेको छ । पछिल्लो ६ आर्थिक वर्ष (आव)मा बाघको आक्रमणबाट ६८ जनाको मृत्यु भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार आर्थिक आव २०८०/८१ मा बाघको आक्रमणबाट १० जनाको ज्यान गएको छ । यस्तै, आव २०७९/८० मा १२ जना, २०७८/७९ मा २१ जना, २०७७/७८ मा १३ जना, २०७६/७७ मा ८ जना र २०७५/७६ मा ४ जनाको मृत्यु भएको विभागको तथ्यांक छ । नेपालमा पछिल्लोपटक सन् २०२२ मा गरिएको बाघ गणनाबाट ३ सय ५५ वटा बाघ भेटिएको थियो । पर्सा राष्ट्रिय निकुञ्जमा ४१, चितवन राष्ट्रिय निकुञ्जमा १२८, बाँके राष्ट्रिय निकुञ्जमा २५, बर्दिया राष्ट्रिय निकुञ्जमा १२५ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ वटा बाघ छन् ।

निकुञ्ज क्षेत्र र त्यस वरपरका मध्यवर्ती एवम् सामुदायिक वन बाघको बासस्थान हो । धेरै बाघ रहेका कारण चितवन र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र र आसपासका बस्तीमा बाघको आक्रमण बढी हुने गरेको छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएका कारण मकवानपुरको मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाका विभिन्न क्षेत्रमा पनि समय-समयमा बाघको आक्रमण हुने गरेको छ । करिब दुई वर्षअघि हेटौंडा-१ को भैरबडाँडा र लालझाडीमा बाघले घरपालुवा जनावर मारेपछि त्यस क्षेत्रका बासिन्दामा त्रास बढेको थियो । नेपाल बाघ पाउने विश्वका १३ वटा देशमध्येमा पर्दछ । करिब एक सय वर्ष अघिसम्म नेपालको जंगलमा हजारौंको संख्यामा रहेको बाघ तिब्र दरमा घटेपछि बाघको मुख्य बासस्थान रहेको क्षेत्रलाई निकुञ्ज र आरक्ष घोषणा गरेर संरक्षण थालिएपछि बाघको संख्या बढ्न थालेको हो ।

नेपालमा बाघको संख्या बढेसँगै यिनीहरुको व्यवस्थापनमा जोड दिनुपर्ने अवस्था बनेको छ । बाघलगायत वन्यजन्तुको संख्या बढेकै कारण मानव वन्यजन्तु द्वन्द्वको जोखिम बढेको छ भने यिनीहरुको प्राकृतिक बासस्थान संरक्षणमा चुनौती देखिएको छ । दुर्लभ र संरक्षित वन्यजन्तुको सूचीमा रहेको बाघ प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । प्रायः बाघले शाकाहारी जनावरलाई शिकार गरेर आफ्नो आहारा बनाउने भएकाले त्यस्ता जनावरको संख्या नियन्त्रण गरी जैविक प्रणाली र खाद्य श्रृंखलालाई सन्तुलनमा राख्न बाघको महत्वपूर्ण भूमिका हुन्छ । बाघको आहार मानिस नभए पनि जंगलबाट बाहिर निस्केको अवस्थामा वा मानिसबाट आफूलाई खतरा महसुस गरेमा मानिसलाई आक्रमण गर्छ । बाघको बासस्थान रहेको जंगलनजिक घर र खेतीपाती भएकाले सतर्कता अपनाउनु पर्छ । बाघको आक्रमणबाट बच्न त्यसको बासस्थान जोगाउन तथा मुख्य आहारा संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक यात्रा योगमा सरिक भइने समय योग छ ।
**वृष** : धार्मिक र सामाजिक काममा सरिक भइने छ ।
**मिथुन** : परोपकारी काममा खट्नुपर्ने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**सिंह** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**कन्या** : बोलीमा बिचार पुऱ्याउनुपर्ने समय योग छ ।
**तुला** : पारिवारीक द्वन्द्व कायमै रहने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा सरिम ।
**धनु** : पराक्रमले प्रतिष्ठा कायम गरिने समय योग छ ।
**मकर** : सामाजिक र धार्मिक कामबाट लाभ प्राप्त होला ।
**कुम्भ** : माङ्गलिक कार्यमा सरिक भइने समय योग रहेको छ ।
**मीन** : रामरमाइलोमा समय व्यतित हुने समय योग रहेको छ ।

# आयातित विकास र विकृति

**तीसौं वर्षदेखि अनुदानमा चामल बाँड्ने प्रचलन बसेकाले कर्णालीका रैथाने बालीको अनुसन्धान र संरक्षण ओझेलमा पर्यो । कर्णलीमा जौ, कोदो, फापर, उवा, चिनो, कागुनो राम्रै फल्छ तर त्यसको उत्पादन र व्यवसायीकरणमा कसैको ध्यान पुगेन र अहिले रैथाले बाली संकटमा परेको छ ।**





✍पदम भण्डारी

हाम्रो परम्परागत ज्ञान र सीपलाई आधार बनाएर त्यसैको जगमा अनुसन्धान तथा खोज गरेर कृषिलाई आधुनिकीकरण गर्दै लैजानुपर्नेमा आयातित विकासलाई आधुनिक ठानेर अपनाउँदा हाम्रो कृषिमा संस्थागत र प्रक्रियागत के-कस्ता कमजोरी भए, जसले गर्दा हाम्रा सम्पदाहरू विनाश हुन पुगे । विकासे संस्था वा सरकारले आधुनिक कृषि विकास गर्न अपनाएको नीति वा प्रक्रियाले गर्दा रैथाने जैविक स्रोत, स्थानीय प्रविधि र पर्वतीय सामाजिक-पारिस्थितिकीय संरचना विनाश भए ।

**घटना १**

पाल्पा- ११ वटा समूहको नेतृत्व गर्ने एक व्यक्तिः जुनसुकै विकासका कार्यक्रम गर्दा समूह बनाउने ती संघसंस्थाको विकासको लक्ष्य बन्ने गरेको छ । ती संघसंस्थालाई गाउँमा भएका परम्परागत संरचनाले भएन, तिनीहरूका लागि छुट्टै समूह बनाउनुपर्‍यो । दातृ निकायद्वारा सहयोग गरिएका कार्यान्वयन गर्ने संघसंस्थाले आफ्ना लागि समूह बनाउन थाले । समूह बनाउनुस्, यो दिन्छौं, त्यो दिन्छौं भने । पाल्पाको एउटा गाउँमा विभिन्न संघसंस्थाले कार्यक्रम गर्न ११ वटा समूह बनाएका रहेछन् । तर, समूहको अध्यक्ष भने एउटै थिए । गाउँमा नेतृत्व गर्न सक्ने, समय दिन सक्ने ज्यक्तिहरू धेरै हुँदैनन् । फलोअर्सहरू बढी हुन्छन् । एक जनाले नेतृत्व गर्ने तर समूह ११ वटा । यसरी गाउँमा भएका परम्परागत संरचना ध्वस्त पार्ने काम भयो । जब दातृ निकायद्वारा सहयोग बन्द भयो, ती समूहले काम गरेनन् । पुरानो पनि रहेन, नयाँले पनि काम गरेन ।

**घटना २**

जुम्ला- बाहिरियाहरूले भनेको मान्दा जहाँको तहीँः जुम्लाको कुडारी गाउँमा एउटा कृषक समूहको बैठकमा एक जना सदस्यले कुरा राखे, ‘सर, हामी त जहाँको तहीं भयौं । तपाईहरूजस्ता विकासे संघसंस्थाले जेजे गर भन्छन् त्यही-त्यही गर्‍यौं, तर अन्तिममा जहाँको तहीं भयौं ।’ उनले थपे, ‘एउटा संस्था आयो, तरकारी खेती गर्नुपर्छ, हामी बीउ, मल, कीटनाशक औषधि दिन्छौं भने । हामीले तरकारी खेती गर्यौं । अर्को संस्था आयो, कुखुरापालन, बाख्रापालन गर्नुपर्छ, हामी कुखुराका चल्ला र बाख्राका पाठापाठी दिन्छौं, उपचारका लागि औषधि दिन्छौं भने ।

हामीले कुखुरापालन, बाख्रापालन गर्यौं । गाउँमा अर्को एउटा संस्था आयो, जसले सामुदायिक वन बनाउनुपर्छ, हामी नर्सरी राख्न पैसा दिन्छौं भने । हामीले नर्सरी बनायौं, वृक्षारोपण गर्‍यौं, सामुदायिक वन बनायौं । हामीले लगाएको तरकारी, कुखुरा र बाख्राले खाइदियो । कुखुरा र बाख्रालाई स्याल र चितुवाले खाइदियो । गाउँमा स्याल र चितुवाको बिगबिगी भयो भनेर हामीले जंगलमा डढेलो लगाएर मास्यौं । अरूले जेजे भन्छन् त्यही-त्यही मान्दा हामी भने जहाँको तहीं भयौं ।’ यो भनाइ ठट्टाजस्तो लागे पनि विकासे संघसंस्थाको काम गर्ने तौरतरिकाको प्रतीकात्मक भनाइ थियो यो ।

**घटना ३**

कर्णालीको आलुः साबिकको कर्णाली अञ्चल यातायातका हिसाबले दुर्गम अनि बाहिरी संसारसँग त्यति घुलमिल नभइसकेको अञ्चल थियो । त्यहाँको रैथाने बालीको आफ्नै मौलिकता थियो । जब जिल्लामा कृषि विकास कार्यालयहरू स्थापित भए, तिनीहरूले बढी उत्पादन दिने जातका बीउबिजन भनेर आयातित जातका बीउ अनुदानमा बाँड्न थाले । कर्णालीको रैथाने आलुको विकास गर्नुको साटो आयातित विकासे आलुको बीउ बाँड्न थाले । ती जातले गर्दा रैथाने मीठो आलु हराएर गयो ।

**घटना ४**

रासायनिक मलमा अनुदानः साबिकको कर्णालीका जिल्लाहरू प्राकृतिक रुपमै प्राङ्गारिक जिल्लाका रुपमा गनिन्छन् । त्यस ठाउँमा सदियौंदेखि रासायनिक मल प्रयोग गरिएको थिएन, तर कृषि विकास कार्यालयहरू स्थापना भएपछि हवाईजहाजमा ढुवानी गरेर रासायनिक मल अनुदानमा वितरण गर्न थालियो । सरकारले अनुदानमा बाँड्नेबाहेक त्यहाँ अरू कुनै उपायले रासायनिक मल पाइँदैन । जसले गर्दा एकातिर प्राकृतिक रूपमै प्रांगारिक रहेको जिल्लालाई नष्ट पार्‍यौं भने सरकारले महँगोमा ढुवानी खर्च बेहोरेर ती जिल्लामा पठाउन सम्भव पनि भएन । अहिले त्यहाँ न रासायनिक मल पाइन्छ, न प्रांगारिक उपाय नै अपनाइन्छ ।

**घटना ५**

फलफूलका बिरुवा लिन अर्को जिल्ला जाने चलनः सरकारको एउटा महत्वपूर्ण कार्यक्रमको रूपमा फलफूलका बिरुवा वितरण हुन्छ । उदाहरणका लागि स्याउका बिरुवा वितरण गर्न साबिकको कर्णालीका जिल्ला जुम्ला, मुगु, हुम्लाको कृषि विकास कार्यालय मुस्ताङ र भारतको हिमाञ्चल प्रदेशमा गएर बिरुवा ल्याउने अनि स्याउका बिरुवा लिन मुस्ताङको कृषि विकास कार्यालय जुम्ला, हुम्लामा जाने प्रचलन व्यापक थियो । आफ्नै जिल्लामा नर्सरीको स्थापना गर्न सहयोग उपलब्ध गराउनुको सट्टा आफ्ना जिल्लामा भएका नर्सरीमा बिरुवा नकिनेर अन्यत्र जानुको कारण कमिसन र टिएडिएको लोभ हो भन्ने प्रस्ट देखिन्छ । यो चलनले के विकृति ल्यायो भने एकातिर कर्मचारीमा कमिसन र टिएडिएको लोभ बढ्यो भने अर्कातिर बाहिरबाट ती जिल्लामा बोटबिरुवामा लाग्ने रोग भित्र्याइयो ।

**घटना ६**

चामल ओसार्ने विकासः खाद्यान्न भनेको चामल र भातमात्रै हो भन्ने खालको बुझाइ भएका योजनाविद् र शासकका कारणले साबिकको कर्णालीमा सरकारले हवाई ढुवानीमार्फत अनुदानमा चामल वितरण गर्न थाल्यो । तीसौं वर्षदेखि अनुदानमा चामल बाँड्ने प्रचलन बसेकाले कर्णालीका रैथाने बालीको अनुसन्धान र संरक्षण ओझेलमा पर्यो । कर्णलीमा जौ, कोदो, फापर, उवा, चिनो, कागुनो राम्रै फल्छ तर त्यसको उत्पादन र व्यवसायीकरणमा कसैको ध्यान पुगेन र अहिले रैथाले बाली संकटमा परेको छ । कर्णालीमा उत्पादन हुने बहुमूल्य एवं पौष्टिक कृषि बाली लोप हुने अवस्थामा छ । कर्णालीमा चामल वितरण गर्ने कुरा अहिले राजनीतिक एजेन्डा बनेको छ । जुन सरकारले त्यहाँ चामल पठाउन सक्दैन, चुनाव हार्छ ।

**घटना ७**

गाउँमा चर्पी निर्माणः हुम्ला जिल्लाको उत्तरी भेगको लिमी गाउँका सबैजसो घरमा परम्परागत रूपमा बनेका चर्पीहरू छन् । वातावरण सुहाउँदो ती चर्पीमा प्यान हुँदैन । तर विकासे संघसंस्थाले प्यान नभएको चर्पीलाई चर्पी नै हैन भनेर घरधुरी सर्वेक्षण गर्दा चर्पी नभएको घरधुरीमा गणना गरे । जिल्ला प्रोफाइल बनाउने क्रममा चर्पीको संख्याबारे उल्लेख गर्नुपर्ने थियो, तर त्यो चर्पीमा गणना गरिएन । लिमीको आफ्नै परम्परागत शैलीमा बनेका चर्पीको अवमूल्यन गरियो र लिमी गाउँलाई चर्पी नभएको गाउँ भनियो । आधुनिक विकासको नाममा परम्परागत ज्ञान र सीपलाई अवमूल्यन गर्नु पनि विकासको बाधक नै हो ।

**घटना ८**

जडीबुटी खेती गर्न प्राकृतिक वनको विनाशः हुम्लाको गोठी गाउँको माथिपट्टि रहेको प्राकृतिक वन मासेर दातृ निकायको सहयोगमा सञ्चालित परियोजना कार्यान्वयन गर्ने एउटा गैससले जडीबुटी खेती गर्न गाउँमा समूह बनायो । समूहलाई खनजोत गर्न अनुदान रकम दियो । श्रमिकका लागि ज्याला दियो । अनुदानमा बीउ वितरण गर्‍यो । प्राकृतिक वन मासेर गाउँलेहरूले जडीबुटी खेती सुरु गरे । जडीबुटी खेती गरेर व्यापार-व्यवसाय गर्नभन्दा पनि अनुदानको रकम देखेर जडीबुटी खेती सुरु गरियो । अलिअलि उत्पादन भएको जडीबुटी पनि कहाँ लगेर बेच्ने समस्या भयो । दातृ निकायको अनुदान तीन वर्षपछि बन्द भयो । अनि जडीबुटी खेती गर्न छोडियो । वन पनि रहेन, जडीबुटी पनि रहेन ।

**घटना ९**

कृषिमा अनुदान– पहुँचवालालाई मात्र फाइदाः कृषिसँग सम्बन्धित ऋण तथा अनुदान वितरणका सवालमा राज्यले बनाएका धेरै नियम तथा कार्यविधिमार्फत अगाडि बढ्दा पहुँच पुग्ने कृषकबाहेक तल्लो तहको कृषकसमक्ष लगानी पुग्दैन । कतिपय वास्तविक कृषक राज्यले खोजेजस्तो कागजी प्रक्रियाका झमेला पार गर्न सक्दैनन् । पहुँच भएकाहरूले अनुदान परिचालन गर्ने जिम्मा पाउने हुनाले कृषिक्षेत्रमा ठूलो लगानी गर्दा पनि परिणाम आउन सकेको छैन । दाता राष्ट्रहरूको सहयोगमा सञ्चालित कृषिका परियोजनाहरूमा हुने व्यापक भ्रष्टाचार र दाताहरूको विचारअनुरूपका योजनाले कृषि विकासका परियोजनाहरू असफल हुने गरेका छन् ।

बिचौलिया, परामर्शदाता, ठेकेदार र धेरैजसो रकम सेवा-प्रदायकहरूको नाममा खर्च हुने गरेकाले सम्बन्धित ठाउँमा खर्च भएन । विश्व बैंकले कृषिको व्यवसायीकरणको नाममा प्याक्ट परियोजना लागू गर्‍यो । त्यसको रकम बिचौलिया र नक्कली किसानको हातमा पर्योरु । यस्तै एसियाली विकास बैंकको वित्त सहयोगमा हिमाली परियोजना लागू भयो । हिमाली जिल्लाको परम्परागत प्रणाली नबुझेका व्यक्तिले सञ्चालन गर्ने हिमाली परियोजना पनि ठोस उपलब्धिबिना सकियो । हिमाली परियोजनाले किसानलाई स्रोतमा पहुँच प्राप्त गर्नका लागि लिखित प्रस्ताव पेस गर्न भन्यो, जबकि नेपालको अधिकांश कृषि जनसंख्या प्रस्ताव लेख्न सक्ने खालको छैन । नतिजास्वरूप प्रस्ताव लेख्ने ग्याकेट देखा पर्योरु र ‘कपटी किसान’ले धेरै पैसा लिए । साँच्चिकै आवश्यक परेका किसान पनि सहयोग प्रस्तावबारे सचेत थिएनन् ।

**घटना १०**

डोजरे विकासः विकास निर्माणका नाममा जथाभावी मोटरबाटो खन्दा माथिबाट आएको पहिरोले पुरेर जाजरकोटको नलगाड नगरपालिका-८, कायमैदेमा २८ रोपनी जग्गाको धानबाली नष्ट भयो । रातभर परेको अविरल वर्षाका कारण माथिबाट आएको पहिरोले धानबाली पुर्‍यो । विकासका नाममा डोजर लगाएर जथाभावी खन्ने गरेका कारण पहाडका अधिकांश बस्ती जोखिममा पर्ने गरेका छन् । वातावरणीय प्रभाव मूल्यांकन तथा अध्ययनबिना नै जथाभावी रूपमा मोटरबाटो खन्ने तथा वनजंगल विनाश गर्नुले पनि यस्तो अवस्था आएको हो ।

**घटना ११**

बर्दिया- थारु समुदायको परम्परागत सीप खतराको सूचीमाः बाँस तथा बेतको सामान बनाउने आदिवासी जनजाति थारु समुदायको परम्परागत सीप यतिबेला खतराको सूचीमा परेको छ । बाँसको चोयाबाट विभिन्न किसिमका घरायसी सामान बनाउने सीप परम्परागत पुस्तौनी हस्तान्तरणबाट सिकेको भए पनि कच्चा पदार्थको अभाव र प्लास्टिकजन्य सामानको बजारले गर्दा लोप हुन लागेको हो ।

अहिले आदिवासीलाई जंगल प्रवेश निषेध छ । आदिवासीले खनीखोस्री बनाएको खोरिया पाखा सामुदायिक वनमा रूपान्तरण भएको छ । यसका मालिकका रूपमा भुइँफुट्टा वर्ग देखिएका छन् । ठूला-ठूला जंगल सेनाको हातमा छ । यसरी आदिवासीको जल, जमिन, जंगललगायतका प्राकृतिक स्रोत सरकारीकरण भएर खोसिएपछि यी ज्ञानको प्रयोग हुने सबै बाटा बन्द भएका छन् ।

*(स्रोतः कारोबारदैनिक)*

## उद्योग वाणिज्य संघको बैठकमा एमालेका वडाध्यक्ष मात्रै

# नगर उपप्रमुख बानियाँले बैठक नै नराख्न भनेका थिए

**समाज संवाददाता**

हेटौँडाः मकवानपुर उद्योग वाणिज्य संघले बोलाएको बैठकमा हेटौँडा उपमहानगरपालिकामा नेकपा एमालेबाट निर्वाचित वडाअध्यक्षहरु मात्रै सहभागी भएका छन् । हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि राजश्व दरमा उल्लेख्य वृद्धि गरेको भन्दै आन्दोलनको तयारीमा रहेका व्यवसायीले नगर कार्यपालिकाको सदस्यको रुपमा रहेका वडाअध्यक्षहरुलाई आफ्ना विषय बुझाउन मंगलबार साँझ बैठकको आयोजना गरेको थियो ।

बैठकमा नेकपा एमालेबाट विजयी हेटौँडा उपमहानगरपालिका ४, ५ र १० नम्बर वडाअध्यक्षहरु क्रमशः नवीन सिग्देल, सुशील घिमिरे र फुर्वा दोर्जे लामा सहभागी हुनुहुन्थ्यो । मंगलबार बिहान नगरप्रमुख र उपप्रमुखसँग छलफलपछि मकवानपुर उद्योग वाणिज्य संघले साँझ ५ बजेका लागि वडाअध्यक्षहरुसँग बैठक आव्हान गरेको थियो । कार्यपालिका हुँदै नगर सभाबाटै पारित भएको उल्लेख गर्दै नगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँ राजश्व वृद्धिको विषयमा पन्छिरहेको सन्दर्भमा संघले कार्यपालिका सदस्यको रुपमा वडाअध्यक्षहरुलाई आफ्ना समस्या राख्नका लागि बैठक आव्हान गरेको थियो ।

मंगलबार दिउँसो १ बजेदेखि वडाअध्यक्षहरुलाई टेलिफोनबाटै बैठकमा सहभागी भइदिन आग्रह गरिएको थियो । वडाअध्यक्षहरुलाई आग्रह गर्न सुरु गरेलगत्तै नगर उपप्रमुख राजेश बानियाँले भने वडाअध्यक्षहरुको बैठक किन राखिएको भन्दै संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाटलाई जिज्ञासा राख्नुभएको थियो । मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाटका अनुसार संघको सचिवालयबाट वडाअध्यक्षहरुलाई बैठकका लागि बोलाउन सुरु गरेलगत्तै नगर उपप्रमुख राजेश बानियाँले आफूलाई वडाअध्यक्षको बैठक किन राखिएको भन्दै फोन गरेर सोध्नुभएको थियो । उपप्रमुख बानियाँलाई कार्यपालिका सदस्यको रुपमा वडाअध्यक्षहरुलाई व्यवसायीका समस्या बुझाउन बैठक बोलाइएको जानकारी दिएको उपाध्यक्ष रानाभाटले बताउनुभयो ।

हेटौँडा उपमहानगरपालिकाका १९ वटा वडा मध्ये ९ वटा वडामा नेकपा एमाले, ८ वटा वडामा नेपाली काँग्रेस विजयी भएको छ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले एक एक वटा वडा जितेको छ । १९ जना वडाअध्यक्ष मध्ये नेपाली काँग्रेसबाट निर्वाचित २ नम्बर वडाअध्यक्ष विष्णुगोपाल महर्जन, ६ नम्बर वडा अध्यक्ष विष्णुबहादुर दाहाल र नेकपा एकीकृत समाजवादीबाट निर्वाचित ९ नम्बर वडाअध्यक्ष सुकराम केसी अष्ट्रेलिया भ्रमणमा हुनुहुन्छ । ११ नम्बर वडाअध्यक्ष जुना दाहाल सासुआमा बित्नुभएर घरबाहिर हिँड्न अनुकुल छैन । १२ नम्बर वडाअध्यक्ष ललितबहादुर घलान जिल्ला समन्वय समिति अध्यक्ष हुनुहुन्छ ।

यसअघि मंगलबार बिहान हेटौँडा उपमहानगरपालिकाले व्यवसायीसँगको वार्तामा भने नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरका सभापति भरत पराजुलीलाई नगरप्रमुख आफैंले टेलिफोन गरेर बोलाउँदा नेकपा एमालेका अध्यक्ष श्रीधर पोखरेललाई बोलाएका थिएनन् । नगरवासी, व्यवसायीका मुद्दामा राजनीतिक रुपमा पनि सहयोग र असहयोगको जस्तो अभ्यास भइरहेको हो कि भन्ने पुष्टि हुने देखिन्छ । नगरप्रमुखले नै अस्वभाविक सक्रियता देखाएर दल विशेषलाई निषेध गर्नुले स्थानीय सरकार सञ्चालनमा थप जटिलताको सामना गर्नुपर्ने चुनौति थपिन सक्छ ।

## एसईई ग्रेडवृद्धि परीक्षा सुरु

# पहिलो दिन ९४ जना अनुपस्थित



हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माविमा परीक्षा दिँदै विद्यार्थी ।

**समाज संवाददाता**

हेटौँडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि (पूरक) परीक्षा बुधबारदेखि सुरु भएको छ । परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षामा ९४ जना विद्यार्थी अनुपस्थित भएका छन् ।

अनिवार्य अंग्रेजीको ग्रेडवृद्धि परीक्षाका लागि मकवानपुर जिल्लाबाट एक हजार ६ सय ४ जना विद्यार्थीले फारम भरेकोमा एक हजार ५ सय १० जना विद्यार्थी परीक्षामा उपस्थित भएको परीक्षा फोकल पर्सन सरला अधिकारीले जानकारी दिनुभयो । बुधबारदेखि ३१ गतेसम्म ग्रेडवृद्धि परीक्षा सञ्चालन हुनेछ ।

आज बिहीबार नेपाली विषयको परीक्षा हुने जनाइएको छ । जिल्लामा मौका परीक्षाका लागि ८ वटा केन्द्र तोकिएको छ । मौका परीक्षाका लागि जिल्लाको हेटौँडा उपमहानगरपालिकामा ५ वटा, थाहा नगरपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकमा एक-एक वटा परीक्षा केन्द्र तोकिएको छ ।

हेटौँडा उपमहानगरपालिकाको श्रमिक माध्यमिक विद्यालय, सिद्धार्थ माध्यमिक विद्यालय, भूटनदेवी माध्यमिक विद्यालय, बालजागृति इङ्गलिस बोर्डिङ स्कूल र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा केन्द्र तोकिएको हो । यस्तै, बकैयाको बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडे, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय मनहरी र थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालय पालुङमा केन्द्र तोकिएको छ ।

# बकैयामा पुनः शिक्षक बैंकका लागि आवेदन खुला

**समाज संवाददाता**

हेटौँडाः बकैया गाउँपालिकाले शिक्षक बैङ्कका लागि पुनः आवेदन खुला गरेको छ । गाउँपालिकाको आइतबार बसेको कार्यपालिका बैठकको निर्णय अनुसार शिक्षक बैङ्कतर्फ निमावि र मावि तहको लागि आवेदन खुला गरेको शिक्षा शाखा प्रमुख आइतराम तामाङले जानकारी दिनुभयो ।

गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा रिक्त हुन आउने शिक्षक दरबन्दी, राहत अनुदान कोटा, संघीय, प्रादेशिक तथा गाउँपालिका अनुदात कोटामा पदपूर्ति गर्ने प्रयोजनका लागि बकैया गाउँपालिकाको करार शिक्षक छनौट, कार्यविधि २०८० अनुसार शिक्षक छनौट गर्नुपर्ने भएकाले आवेदन खुला गरेको शाखा प्रमुख तामाङले जानकारी दिनुभयो । आवेदन फारम भदौ १० गतेसम्म भरिने जनाइएको छ ।

गाउँपालिकाले निमावितर्फ अंग्रेजीका १०, नेपालीका ८, गणितका १० र विज्ञानका १० जना र मावितर्फ शिक्षकको लागि अंग्रेजीका ८, नेपालीका ८, गणितका ९ र विज्ञानका १० जनाको लागि आवेदन खुला गरेको छ । गत साउन १९ गते शनिबार भएको अन्तरवार्तामा ५६ जना शिक्षक छनोट भएका छन् । जसअन्तर्गत ३६ जना प्रावि, ८ जना निमावि र १२ जना माविमा छनोट भएको शिक्षा शाखाका प्रमुख तामाङले जानकारी दिनुभयो ।

गाउँपालिकामा रहेका विद्यालयमा अहिले गणित र विज्ञानका शिक्षकको आवश्यकता रहेको छ । यसवर्ष गाउँपालिकाभित्र रहेका ७६ वटा विद्यालयहरुमा ८ हजार ३ सय ८३ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । गाउँपालिकाअन्तर्गत प्रावि ५३ वटा, मावि १२ वटा र ११ वटा निमावि गरी ७६ वटा विद्यालयहरु रहेका छन् ।

गाउँपालिकाले यसअघि बैशाखमा ५० जना प्रावि र निमावि तथा माविका लागि विषयगत १०-१० जना शिक्षक माग गर्दै आवेदन खुलाएको थियो । ४ सय ४५ जनाले आवेदन दिएका थिए । आवेदन फारम भरेकामध्ये पालिकाले लिएको परीक्षाबाट ५६ जना शिक्षकमात्र छनोट भएको उहाँले बताउनुभयो ।

पहिलो चरणको परीक्षामा पनि सबै जनाले परीक्षा नदिएको र परीक्षा दिएकाहरुमध्ये प्राथमिक तहमामा ७९ जना, निमावि तहमा २४ जना र मावि तहमा २५ जना गरी १ सय २८ जना दोस्रो परीक्षाका लागि सफल भएका थिए । दोस्रो चरणको लिखित परीक्षा साउन १३, १४ र १५ गते सञ्चालन भएको थियो । दोस्रो चरणमा पनि सबै जना परीक्षामा उपस्थित नभएको तामाङले जानकारी दिनुभयो ।

# सहकारीले पनि भन्यो, करको दरमा पुनर्विचार गर



**समाज संवाददाता**

हेटौँडाः चालु आर्थिक वर्षका लागि हेटौँडा उपमहानगरपालिकाले वृद्धि गरेको करको दरमा पुनर्विचार गर्न जिल्लाका सहकारी संस्थाहरुको सञ्जालले एकसाथ आग्रह गरेको छ । बुधबार नगरप्रमुख र उपप्रमुखलाई भेटेर सहकारी संस्थाहरुको सञ्जालले ध्यानाकर्षणपत्र बुझाएको छ । मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको अध्यक्षतामा मंगलबार हेटौँडामा बसेको जिल्ला सहकारी सञ्जालको बैठकले उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि तय गरेको करको ढाँचा सहकारी संघ संस्थाको हितमा नभएकोले पुनर्विचार गर्नका लागि उपमहानगरको ध्यानाकर्षण गराउने निर्णय गरेको थियो ।

सहकारी सञ्जालले निर्णय लगत्तै नगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई भेटेर ध्यानाकर्षण पत्र बुझाइएको छ । गत आर्थिक वर्ष सबैखाले सहकारी संस्थाहरुलाई वार्षिक दुई हजार पाँच सय रुपैयाँ राजश्व लिएको उपमहानगरले चालु आर्थिक वर्षमा सहकारीलाई वर्गीकरण गरेर १२ हजार रुपैयाँसम्म राजश्व असुल्ने भएको छ । सबैभन्दा बढी बहुउद्देश्यीय सहकारी संस्थाले १२ हजार रुपैयाँ, बचत तथा ऋण सहकारी संस्थाले आठ हजार रुपैयाँ, दुग्ध र कृषि सहकारीले एक हजार पाँच सय रुपैयाँ र अन्य सहकारीले पाँच हजार रुपैयाँ राजश्व तिर्नुपर्नेछ ।

"सहकारी क्षेत्रको आर्थिक अवस्था जटिल भइरहेको समयमा सरोकारवालाहरुसँग बिना परामर्श नगरी एकपक्षीय रुपमा अवैज्ञानिक र अब्यवहारिक रुपमा बृद्धि भएको व्यवसाय करलाई व्यवहारिक र एकरुपता कायम गर्नका लागि अविलम्ब करको दर पुनर्विचार गर्न अनुरोध गर्दछौं ।" ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ । सहकारी सञ्जाल मकवानपुरले दुग्ध उत्पादक र कृषि सहकारी संघ संस्थाहरुलाई उपमहानगरपालिकाले गत बर्षभन्दा ब्यवशाय कर घटाएकोमा धन्यवाद दिँदै बाँकी संघ संस्थाहरुको हकमा बृद्धि गरिएको करको दरलाई घटाई दुग्ध उत्पादक र कृषि सहकारी संघकै समान दर कायम गर्न अनुरोध गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझाउने क्रममा मकवानपुर जिल्ला सहकारी संघ लिमिटेडका अध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघ लि. का सञ्चालक बद्रीप्रसाद लम्साल, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडका अध्यक्ष रामहरि न्यौपाने, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटडका अध्यक्ष हरिप्रसाद कँडेल, जिल्ला कृषि सहकारी संघ लिमिटेड मकवानपुरकी उपाध्यक्ष रेखा खतिवडा, राष्ट्रिय सहकारी बैकं लिमिटेड, बागमती प्रदेश कार्यालय प्रमुख रामेश्वर अर्याल, नेफ्स्कुन, फिल्ड कार्यालय हेटौडाका ईन्चार्ज बिदुर खड्का लगायतको उपस्थिति रहेको थियो ।

# स्तनपानसम्बन्धी चेतनामूलक प्रदर्शनी

**समाज संवाददाता**

हेटौँडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको नर्सिङ्ग विभागले स्तनपानसम्बन्धी चेतनामूलक प्रदर्शनी गरेको छ । प्रतिष्ठानले ३१ औं विश्व स्तनपान सप्ताह २०८१ को अवसरमा बुधबार हेटौँडा अस्पतालमा अवस्थित एमसीएच क्लिनिकमा स्तनपानसम्बन्धी जानकारीमूलक प्रदर्शनी कार्यक्रमको आयोजना गरेको प्रतिष्ठानकी लेक्चरर लक्ष्मी पौडेलले जानकारी दिनुभयो ।

'स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता' भन्ने नाराका विभिन्न कार्यक्रम आयोजना गरेर स्तनपान सप्ताह मनाइएको छ । उक्त प्रदर्शनीको अवलोकन गर्दै प्रतिष्ठानकी डिन प्राध्यापक दुर्गाकुमारी खड्का मिश्र र हेटौंडा अस्पतालका निर्देशक प्राध्यापक डा. धीरेन्द्रकुमार गिरीले अहिले मानिसमा चेतनामूलक कार्यक्रमको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा एमसीएच क्लिनिकमा खोप लगाउन आएका र अस्पतालको सुत्केरी वार्डमा भएका एक सय ५० जना सेवाग्राहीको सहभागिता रहेको थियो । प्रतिष्ठानकी लेक्चरर पौडेलले स्तनपान सप्ताहको अवसरमा हरेक वर्ष विभिन्न कार्यक्रमहरु गर्दै आएको र अन्य समयमा पनि स्तनपानको महत्वको बारेमा अस्पतालबाट जनसमुदायमा चेतना फैलाउने काम नर्सिङ विभागले गर्दै आएको उल्लेख गर्नुभयो ।

स्तनपानलाई प्रोत्साहन र प्रवर्द्धन गर्न हरेक वर्ष विभिन्न नारासहित स्तनपान सप्ताह मनाउने गरिएको छ । यस वर्ष साउन १७ गतेदेखि २३ गतेसम्म स्तनपान सप्ताह मनाइएको छ । प्रतिष्ठानले प्रदर्शनीमा स्तनपानको आसन, फाइदा, तरिका, स्तनपानको प्रक्रिया, आमा दूध भण्डारण गर्ने विधि, आमाको दूध प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन २०४९ जस्ता विषयहरु समावेश गरेको थियो ।

# बंगलादेशमा अन्तरिम सरकार प्रमुख मुहम्मद युनुसको शपथ आज

**समाज संवाददाता**

काठमाडौंः बंगलादेशमा गठन हुने अन्तरिम सरकारका सदस्यहरुले आज बिहीबार शपथ ग्रहण गर्ने भएका छन् । बंगलादेशका सेना प्रमुख जनरल वाकर जमानले नोबेल पुरस्कार विजेता मुहम्मद युनुस नेतृत्वको सल्लाहकार परिषदले बिहिबार शपथ लिने बताएका छन् ।

बुधबार अपराह्न पत्रकार सम्मेलन गर्दै उनले सम्भवतः भोलि बेलुकी ८ बजे सपथ ग्रहण हुने बताएको बंगलादेशको अखबार द डेली स्टारले लेखेको छ । उनले सल्लाहकार परिषद् सम्भवतः १५ सदस्यीय हुने भनेका छन् । सेना प्रमुख वाकरले तीनदेखि चार दिनभित्र बंगलादेशको परिस्थिति सामान्य हुने पनि बताएका छन् । यो अवधिमा अपराधमा संलग्नहरुलाई नछाडिने र कारबाही हुने समेत उनले बताएका छन् ।

उनले आफूसँगै वायु र जल सेनाका प्रमुखले पनि काम गरिरहेको बताएका छन् । उनले प्रोफेसर युनुससँग पनि कुरा गरेको बताएका छन् । 'उहाँसँग कुरा गरेर मलाई एकदमै खुशी लाग्यो, मलाई यस्तो लाग्यो कि उहाँ यो काम गर्नलाई एकदमै इच्छुक हुनुहुन्छ', उनले भनेका छन्, 'मलाई लाग्छ, हामीलाई लोकतान्त्रिक प्रक्रियामा लैजान उहाँ सफल हुनु हुने छ र सबैलाई त्यसबाट फाइदा पुग्नेछ ।' विद्यार्थीले थालेको आरक्षणविरुद्धको आन्दोलनले हिंसात्मक रुप लिँदा सोमबार प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिँदै देश छाडेकी थिइन् । त्यसपछि सेना प्रमुख वाकरले अन्तरिम सरकार गठन गर्न अग्रसरता लिएका थिए । त्यसपछि आन्दोलनरत विद्यार्थीहरुको माग अनुसार नोबेल पुरस्कार विजेता युनुसको नेतृत्वमा सरकार गठन हुँदैछ । विद्यार्थीको आन्दोलनका क्रममा बिहीबार सम्ममा ४ सय जना मारिएको डेली स्टारले आफ्नो स्रोतबाट पुष्टि भएको भनेको छ ।

### को हुन् मुहम्मद ?

युनुस बंगलादेश छाडेकी प्रधानमन्त्री शेख हसिनाका प्रतिद्वन्द्वी हुन् । ८४ वर्षीय उनी गरिबहरुको बैंकरका रुपमा चिनिन्छन् । गरिबीको रेखामुनि रहेकाहरुलाई लक्षित गरेर उनले ग्रामीण बैंक तथा लघुवित्त स्थापना गरेका थिए । त्यसका लागि प्राध्यापक समेत रहेका युनुस र त्यहाँको ग्रामीण बैंकलाई सन् २००६ को नोबेल शान्ति पुरस्कार दिइएको थियो । गएको जनवरीमा बंगलादेशको एउटा अदालतले युनुसलाई देशको श्रम कानुन उल्लंघन गरेको भन्दै जेल सजाय सुनाएको थियो । तर, उनले यो आरोप राजनीति प्रेरित भएको भन्दै आलोचना गरेका थिए ।

**Invitation For Bids**

*Date of publication (2024-8-8)*

1. Bajhangdeep Campus invites electronic bid from eligible bidders for the following bid under NCB:
Total bid amount: 39,82,301 (Excluding vat & contingency)

| IFB No. | Description | Bid Security Amount (Nrs) | Bid Doc Fee (Nrs) | Last Date of Bid Submission | Bid Opening Date | Pre-Bid meeting date |
|---|---|---|---|---|---|---|
| BDC/NCB/W/01-081/082 | 2nd Flower Building construction of Bajhangdeep campus | 115000.00 | 3000 | 2024-09-06 12:00 Hours | 2024-09-06 2:00 Hours | 2024-08-18 12:00 Hours |

2. Eligible bidders may obtain detail information from PPMO's website WWW.bolpatra.gov.np

Bajhangdeep Campus
Kedarsyun-9, jhota, Bajhang

# अनलाईन मार्फत ठगीको अभियोगमा ९ जना भारतीय नागरिक हेटौँडाबाट पक्राउ



*अनलाइनमार्फत ठगी गरेको अभियोगमा पक्राउ परेकाहरुलाई सार्वजनिक गर्दै प्रहरी ।*

समाज संवाददाता

हेटौँडाः अनलाईन मार्फत् ठगीको अभियोगमा ९ जना भारतीय नागरिकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । हेटौँडा-४, पारिजातपथमा रहेको प्रमोद वाग्लेको घरको पाँचौं तला भाडामा लिएर अनलाईन मार्फत् ठगी गरेको अभियोगमा सोमबार साँझ ६ बजेको समयमा उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मेडि असिष्ट नामको कम्पनी मार्फत् अनलाईन ठगी कार्य भइरहेको सूचनाका आधारमा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सीताराम रिजालले जानकारी दिनुभएको छ । उहाँका अनुसार पक्राउ पर्नेहरुमा भारतको पटनाका ५७ बस्ने २८ वर्षीय नवनित कुमार, झारखण्डका २७ वर्षीय शाहरुख खान, बिहारका २९ वर्षीय कुन्दन कुमार, उत्तारखण्डका २६ वर्षीय आशिष कब्डौला, झारखण्डका ३४ वर्षीय विशाल कक्कड, झारखण्डका ३८ वर्षीय लोकेश कुमार दुवे, झारखण्डका २९ वर्षीय विकास कुमार सिंह, २८ वर्षीय अरुण कुमार, उत्तर प्रदेशका ४० वर्षीय कुनाल शर्मा रहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका उनीहरुको साथबाट विभिन्न कम्पनीका ल्यापटप ७ थान, राउटर ३ थान, मोवाईल १३ थान, हार्ड डिस्क १ थान, हेडफोन ४ थान, माउस २ थान, ल्यापटपका चार्जर १८ थान, वेब क्यामेरा १ थान, मेडी एसिस्ट डाईरेक्टर लेखेको स्ट्याम्प २ थान, मेडी एसिस्ट लेखेको स्ट्याम्प २ थान बरामद भएको छ ।

प्रहरी उपरीक्षक रिजालका अनुसार २०८० फागुन १० गते हेटौँडा उपमहानगर पालिकाको कार्यालयमा भारत पुष्प बिहार जिल्ला नयाँ दिल्ली स्थायी बसोबास गर्ने द्रबिन कुमार सिंहको नाममा मेडि असिष्ट कम्पनी दर्ता गरिएको छ । परामर्श सेवा प्रदान गर्ने गरी वाग्लेको घरमा फ्ल्याट भाडामा लिई संचालन गर्दै आएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । सिंहले आन्तरिक राजश्व कार्यालय हेटौँडाबाट मेडि असिष्ट कम्पनी देखाएर मानव स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने गरी पान नम्बर दर्ता गरिएको र उक्त कम्पनीमा १२ जना व्यक्तिहरुलाई काममा राखेको बुझिएको प्रहरी उपरीक्षक रिजालले बताउनुभयो ।

१२ जना मध्ये ३ जना (द्रबिन कुमार सिंह, रजत शर्मा र प्रकाश) फरार रहेको उहाँको भनाई छ । कम्पनीमा कार्यरत व्यक्तिहरुले १८ देखि ५० हजार भारतीय रुपैयाँ नगदमा तलब बुझ्ने गरेको खुलेपनि भुक्तानीको कुनै पनि अभिलेख फेला नपरेको प्रहरी उपरीक्षक रिजालले बताउनुभएको छ । भारतको राँचीस्थित मुख्य कार्यालयमा मेन सर्भर राखी क्विक कल क्लाइन्ट सफ्टवेयर मार्फत काम गर्ने गरेको खुल्न आएको उहाँले बताउनुभयो । सो सफ्टवेयर मार्फत टार्गेट ग्रुप पहिचान गरी सम्पर्क गर्ने र सम्पूर्ण विवरण भारत ट्रान्सफर गर्ने गरिएको प्रहरी उपरीक्षक रिजालको भनाई छ ।

अनुसन्धानका क्रममा कम्पनीद्वारा कुनै पनि आर्थिक कारोबार कानून बमोजिम नगरिएको र अभिलेखीकरण नभेटिएको उहाँले बताउनुभयो । उक्त कम्पनिबाट हुने गरेको काम कारवाहीको डाटा समेत हेड अफिसको सर्भरमा राख्ने गरेको उहाँको भनाई छ । सो कम्पनीले अधिकांश रातको समयमा मात्र काम गर्ने गरेको अनुसन्धानमा खुलेको उहाँले बताउनुभयो ।

पक्राउ परेका उनीहरु माथि मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ को उपदफा (१), (२) विपरित कसुर अपराध गरेको मुद्दा दायर गरी मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रिजालले बताउनुभयो । उनीहरु माथि सोही ऐनको परिच्छेद ३ को दफा ३४ को उपदफा ३ बमोजिम दण्ड सजाय माग गरी मुद्दा दर्ता गरिएको छ ।

# चार जना छात्रालाई ल्यापटप वितरण

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिकाले चार जना दलित तथा जनजाति विद्यार्थीलाई ल्यापटप वितरण गरेको छ । बुधबार गाउँपालिकाले दलित तथा जनजाति प्रोत्साहन लक्षित कार्यक्रमअन्तर्गत् एसईई र कक्षा ११-१२ मा उत्कृष्ट नतिजा ल्याउने चार जना छात्रालाई ल्यापटप वितरण गरिएको सामाजिक विकास शाखा प्रमुख सूर्यबहादुर गुरुङले जानकारी दिनुभयो ।

गाउँपालिकाबाट २०७९ सालको एसईई र ११-१२ कक्षामा उत्कृष्ट अङ्क ल्याउने दलित र जनजाति छात्राहरूलाई ल्यापटप वितरण गरिएको हो । एसईई परीक्षामा भानु माध्यमिक विद्यालयबाट जनजातिमा उत्कृष्ट अङ्क ल्याउन सफल खुसी योञ्जन र चण्डिका माध्यमिक विद्यालयबाट दलिततर्फ रश्मिता बिकलाई ल्यापटप वितरण गरिएको छ । यस्तै, कक्षा ११-१२ को परीक्षामा शारदा माविबाट उत्कृष्ट नतिजा ल्याउन सफल जनजाति तीर्थमाया गोले र दलित सन्ध्या विकलाई पनि ल्यापटप वितरण गरिएको गुरुङले जानकारी दिनुभयो ।

कार्यक्रममा दलित तथा जनजाति प्रोत्साहन लक्षित समन्वय समितिका अध्यक्ष एवम् गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत नवीन स्याङ्तान लामा, वडा अध्यक्षहरु, वडा सदस्यहरु एवम् अभिभावकहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय परिचयपत्र लिन आउने संख्या न्यून



समाज संवाददाता

हेटौँडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरले एक वर्षदेखि राष्ट्रिय परिचयपत्र वितरण गरिरहेको छ । कार्यालयमा अहिले आफ्नो परिचयपत्र लिन आउनेको संख्या भने न्यून देखिएको छ ।

गत वर्षको साउनबाट कार्ड वितरण गर्न सुरु गरेपनि हालसम्म २ हजार ४ सय ६९ जनाले मात्र कार्ड लिएका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरका राष्ट्रिय परिचयपत्र फाँटका कम्प्युटर अपरेटर सगुन पुडासैनीका अनुसार अहिले परिचयपत्रको कार्ड लिन आउनेको संख्या न्यून देखिएको छ । प्रशासन कार्यालयले २५ हजार जनाबाट राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलनको क्रममा उल्लेख फोन नम्बर र इमेलमा म्यासेज पठाए पनि परिचयपत्र लिन कम संख्यामा आउने गरेको उहाँको भनाइ छ । उहाँका अनुसार मकवानपुरमा अहिले ४८ हजार थान परिचयपत्र आइसकेको छ ।

परिचयपत्रको महत्व नबुझ्दा लिन आउनेको संख्यामा कमी आएको हुनसक्ने पुडासैनीको भनाइ छ । परिचयपत्र बनाएका अधिकांश विदेश गइसकेका हुनसक्ने र वृद्धवृद्धाहरुलाई थाहा नभएका कारण पनि लिन नआएको हुनसक्ने उहाँले बताउनुभयो । भविष्यमा सबै सेवा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य हुने अवस्था बन्न सक्ने भएकाले समयमा आफ्नो परिचयपत्र लिन उहाँले आग्रह गर्नुभयो । म्यासेज प्राप्त भएका सेवाग्राहीले आफ्नो नागरिकताको सक्कल प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको फोटो खिचाएपछि दिएको विवरणको कागज लिएर आएपछि परिचयपत्र लिन सकिनेछ ।

# भारतलाई उपाधि

समाज संवाददाता

हेटौँडाः काभा वुमन्स नेसन्स लिग २०२४ को उपाधि भारतले जितेको छ । दशरथ रंगशाला कभर्ड हलमा बुधबार भएको खेलमा नेपाल पुनः भारतसँग हार्दै उपाधिबाट वञ्चित भएको हो । भारतले नेपाललाई २५-२३, १४-२५, २५-२२, २१-२५ र १५-५ ले हराएको छ । भारतले दोस्रो, चौथो र पाँचौं सेट जित्दै उपाधि हात पारेको हो ।

पहिलो सेटको सुरुवातमा अग्रता बनाएको नेपालले त्यो सुरुवाती अग्रता जोगाउन सकेन । ३-० को अग्रताबाट भारतले लगातार ४ अंक जोडेपछि नेपालका प्रशिक्षक जगदिश भट्टले पहिलो टाइमआउट लिए । त्यसपछि भारतले २२-१९ को अवस्थामा अग्रता बनायो । त्यसपछि नेपालले लगातार अग्रता बनाउँदै पहिलो सेट २५-२३ ले जित्यो । दोस्रो सेटको सुरुवातमा भारत ६-४ ले अग्रता बनायो । त्यसपछि १०-५ ले नेपाल पछि पर्‍यो । नेपालले दोस्रो सेटमा ३ वटा सर्भिसमा अंक सुम्पियो ।

प्रदर्शनको आधारमा पनि दोस्रो सेट नेपालले निकै कमजोर खेल्यो । २४-११ मा भारतले अग्रता बनाउँदा नेपालले लगातार ३ अंक जोड्यो । तर पनि नेपाल भारतभन्दा १० अंक पछाडि भयो । दोस्रो सेट नेपालले २५-१४ ले गुमायो । तेस्रो सेटको पनि सुरुवातमा नेपालले लगातार ३ अंक जोड्यो । भारतले ५ मा आएर बराबरमा ल्यायो । नेपालले १७-१२ को अग्रता लियो । २०-१५ मा नेपालले अग्रता लियो । तेस्रो सेट नेपालले २५-२२ ले जित हात पार्‍यो । भारतले यसअघि २०१९ को दक्षिण एसियाली खेलकुद र २०२३ को काभा वुमन्स च्यालेन्ज कपको उपाधि हात पार्दा नेपाललाई नै जितेको थियो ।

# सघन पठन संस्कृतिको विकासका लागि शिक्षकलाई तालिम

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कुलले सघन पठन संस्कृतिको विकासका लागि शिक्षकहरुलाई तालिमको आयोजना गरेको छ । विद्यालयमा अध्यापनरत शिक्षकहरुका लागि तालिमको आयोजना गरिएको हो । तालिममा ५० जना शिक्षकहरूको सहभागिता रहेको थियो । तालिममा काठमाडौंस्थित मिलेनियम स्कूलकी संस्थापक प्रिन्सीपल कविता अर्यालले सहजीकरण गर्नुभएको थियो ।

तालिममा पठन संस्कृतिको विकास गर्न शिक्षकले विद्यार्थीका लागि पुस्तक छनोट गरेर उपलब्ध गराउनुपर्नेमा जोड दिइएको थियो । बालबालिकाको उमेर अनुसारको पुस्तक छनोट हुनुपर्ने, विद्यार्थीले अध्ययन गरिरहेको कक्षाअनुसारको पुस्तकको आकार निर्धारण गर्नुपर्ने, बालबालिकाको रूचि पहिचान गर्नुपर्ने प्रशिक्षक अर्यालले जानकारी गराउनुभयो । विद्यार्थीका लागि उपयुक्त पुस्तक छनोट गर्न शिक्षकले प्रसस्त अध्ययन गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ ।

तालिमको समापनमा विद्यालयका प्रिन्सीपल विनोद सुवेदीले पठन संस्कृतिको विकास गर्न विद्यालयले सक्दो प्रयास गरिरहेको, विद्यार्थीको अध्ययन र लेखनका लागि पर्याप्त सहजीकरण र प्रोत्साहन गरिरहेको जानकारी दिनुभयो । आगामी दिनमा पनि विद्यार्थीको पठन संस्कृतिको विकास गर्दै प्रभावकारी सिकाईको विकास गर्न विद्यालयले सक्दो प्रयास गर्ने प्रिन्सीपल सुवेदीले स्पष्ट पार्नुभएको छ ।

## नुवाकोटमा हेलिकप्टर दुर्घटना

# पाइलटसहित पाँचै जनाको मृत्यु

समाज संवाददाता

काठमाडौँः बुधबार दिउँसो नुवाकोटमा दुर्घटना भएको एयर डाइनेस्टीको हेलिकप्टरमा सवार पाँचै जनाको ज्यान गएको छ । बुधबार १ बजेर १४ मिनेटमा त्रिभुवन विमानस्थलबाट ४ चिनियाँ यात्रु लिएर उडेको उक्त हेलिकप्टर नुवाकोट शिवपुरी गाउँपालिका-७ सूर्यचौर डाँडा र गुर्जेभन्ज्याङको बीचमा दुर्घटना हुँदा हेलिकप्टरमा सवार पाँचै जनाको ज्यान गएको हो ।

गुर्जेभन्ज्याङको अस्थायी प्रहरी पोस्टका हवल्दार राजन खत्रीका अनुसार ४ पुरुष १ महिलाको शव फेला परेको छ । हेलिकप्टर क्याप्टेन अरुण मल्लले उडाएका थिए भने ४ चिनियाँ पर्यटक स्याफ्रुबेंसी लगिँदै थियो । एयर डाइनेस्टीको ४ चिनियाँ पर्यटक छाडेर फेरि विदेशी नागरिक ल्याउने तालिका बनाएको थियो । मृत्यु हुनेमा क्याप्टेन अरुण मल्ल र चिनियाँ नागरिकहरू जुताङ ताङ, ताइ ली, जेमिङ जी र यीयाङ वु रहेका छन् । पाँचै जनाको शव काठमाडौंमा पुर्‍याइएको छ । शव परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ पुर्‍याइएको छ ।

प्रत्यक्षदर्शीका अनुसार हेलिकप्टर रुखमा ठोक्किएर आगो लाग्दै झरेको थियो । दुर्घटनाको कारणबारे पत्ता लागेको छैन । उक्त उडान हुँदा भिजिविलिटी ५ किलोमिटर तथा सामान्य रहेको थियो । घटनाको खबर आउनेबित्तिकै खोजीमा अर्को हेलिकोप्टर पठाइएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रभु एयरको हेलिकोप्टार परिचालन गरिएको थियो । हेलिकप्टर दुर्घटनाबारे छानबिन गर्न तीन सदस्यीय जाँचबुझ आयोग गठन भएको छ । बुधबार बसेको मन्त्रिपरिषद् आकस्मिक बैठकले नेपाली सेनाका बरिष्ठ पाइलट सुवास थापाको नेतृत्वमा तीन सदस्यीय आयोग गठन गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । आयोगमा एरोनोटिकल इन्जिनियर विष्णु बस्नेत र तनुजा पोखरेल सदस्य छन् । आयोगलाई काम सुरु भएको मितिले ३० दिनभित्र प्रतिवेदन पेस गर्न समयावधि तोकिएको छ । चिनियाँ नागरिकको निधन भएकोमा सरकारले दुःख व्यक्त गर्दै मृतकका परिवार र चीन सरकारप्रति समवेदना व्यक्त गरेको छ ।

# ढलको मकलमा छिरी भगवतीको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-५, श्रीखण्डपुरमा ढलको मकलमा छिरी एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा रामेछापको खाँडादेवी गाउँपालिका-३ घर भई हाल नैकिनटार बस्ने ५० वर्षीया भगवती भागदास रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मंगलबार बिहान १० बजेर ४० मिनेटको समयमा भगवती ढलको मकलमा छिरी बेपत्ता भएकी थिइन् । बेपत्ता भगवतीलाई खोजतलास गर्दै जाँदा सोहि दिन बिहान ११ बजेर ४५ मिनेटको समयमा बगाएको ठाउँबाट ३ सय मिटर दक्षिणतर्फ खेतमा तैरिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ । अनुसन्धानको क्रममा भगवतीले अत्याधिक मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ ।

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ